# भीमदत्त नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, कञ्चनपुर
७ नं. प्रदेश, नेपाल
(आर्थिक बिकास शाखा)

च.नं. ४४५२ मिति २०७५।१।२१

बिषय : सूचना टांस गरी दिने बारे ।

श्री भीमदत्त नगर पालिकाको १९ वटै वडाहरु ,

महेन्द्रनगर ।

यस कार्यालयको मिति२०७५।०१।२१गतेको युवा लक्षीत कार्यकमहरुको आवह्रान सम्बन्धी सूचना थान १ यसै साथ तहां कार्यालयमा पठाइएको छ , उक्त सूचना तहांको सूचना पाटीमा टांस गरी सोको जानकारी यस कार्यालयमा उपलव्ध गराई दिन हुन् अनुरोध गरिन्छ ।

हरिदेव भट्ट
पशु चिकित्सक
आर्थिक विकास शाखा

# बिषय : सूचना । सूचना ॥ सूचना॥।

प्रथम पटक प्रकाशित मिति २०७५।०१।२१

यस कार्यालयको आ.व. २०७४।०७५ को बार्षिक कार्यक्रम अनुसार सहकारी खेती बंगुरपालन कार्यकम रहेकोमा उक्त कार्यकम संचालन गर्न कालागी तपसीलमा उल्लेखित मापदण्ड पुगेका सहकारी संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र रित पुर्वकको दरखास्त पेश गर्न हुन् सम्बन्धीत सबैको जानकारी कोलागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसील

१.पशु पालन व्यबसाय गर्न सहकारी ऐन२०४८ अनुसार डिभिजन सहकारी कार्यालयमा २५ जना वा सो भन्दा बढी सदस्यहरु संगठीत भई दर्ता भएका संस्थाले आबेदन दिन सकिने छ ।

२.छनौंट भएका सहकारी संस्थाहरुले उक्त स्कीम प्रस्ताव कार्यान्वयन गर्न लाग्ने कुल लागतको घटीमा ३० प्रतिशत लागत जनश्रमदान वा नगदको रुपमा वा दुबै संस्थाले जुटाउनु पर्ने छ ।

३.तोकिए बमोजिमको निबेदन सहीत यस कार्यालयमा रु.१००। राजश्व(पछि फ्रिर्ता नहुने गरी) बुझाई सहकारी दर्ता प्रमाणपत्रको छाया प्रति डिभिजन सहकारी कार्यालयको सिफारिस पत्र , वडा कर्यालयको सिफारिस पत्र , स्कीम संचालनको लागी संस्थाको निर्णयको प्रतिलिपी निबेदक संस्था र भी.न.पा.को कार्यालयले व्यहोर्ने रकम छुट्टा छुट्टै देखिने गरी लागत बिवरण पेश गर्नु पर्ने छ ।

४.योजना माग गर्दा अनुसूची १ ख र अनुसूची २ ख को फर्मेटमा भर्नु पर्ने छ ।

५.यो सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र कार्यालय समयमा र सो दिन बिदा परे भोलीपल्ट यस कार्यालयमा निबेदन दर्ता गराई सक्नु पर्ने छ ।

६.सहकारी भावना अनुरुप व्यबसायिक रुपमा खेती गर्न उत्सुक लक्षीत बर्ग , दलीत , आदीबासी , जनजाती ,महिला , समाबेस भएको सहकारी संस्थालाई ग्राहीता दिइने छ ।

७.थप जानकारीको लागी कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

८.अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुने छ ।

हरिदेव भट्ट
पशु चिकित्सक
आर्थिक विकास शाखा

अनुसूची .....१

<u>युवालक्षीत साझेदारी कार्यक्रम(मासु पसल सुधार –२ र मासुपसल सुधार तथा पशु बधशाला सुधार–१)सम्बन्धी कार्यक्रमको प्रस्तावना आवह्‍न गरिएको सूचना ।</u>

**प्रथम पटक सूचना प्रकाशित मिति २०७५।१।२१**

यस कार्यालयको आ.व.२०७४।०७५ को बार्षिक कार्यकम अनुसार युवाहरुलाई स्वरोजगार प्रवर्द्धन गर्ने कार्यकम रहेको हुदा ईच्छुक १८ बर्ष देखि ५० बर्ष न नाघेका बेरोजगार युवा तथा युवतीहरुबाट दरखास्त आवहवानकोलागी यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक युवा तथा युवतीहरुले सरकारी निकाय बाट बिगत दुई आ.व. सम्ममा नगद वा बस्तुगत अनुदान सहयोग लीई सकेका फार्महरु छनौट प्रकियामा समाबेश हुने छैन्न । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तोकिएको ढाचामा आबेदन फाराम भरी दरखास्त दिनु पर्ने छ । साथै आबेदन साथ तपसील अनुसारको कागजातहरु संलग्न राख्न समेत यसै सूचना बाट सूचित गरिन्छ ।

तपसील :

१.अनुसूची २ अनुसारको आबेदन फाराम ।

२.अनुसूची ३ अनुसारको संक्षीप्त कार्य योजना ।

३.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

४.अन्य प्रमाणित प्रमाणहरु तालिम,शैक्षीक योग्यता,अनुभव,जग्गा भाडामा लिएको भए सम्झौता पत्र ,वातावरणीय प्रमाण पत्र आदीको प्रमाणित प्रतिलिपीहरु ।

५.भी.न.पा.मा व्यवसाय दर्ता गराएको प्रमाण पत्र ।

६.कर चुक्ता गरेको प्रमाण पत्र ।

हरिदेव भट्ट
पशु चिकित्सक
आर्थिक विकास शाखा